नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संघीय मामिला शाखा

पत्र सङ्ख्याः १६६
चलानी नम्वरः २०७४/०७५

सिंहदरवार, काठमाडौं
फोन नं. ४२११८९५

मितिः २०७५/०१/१४

विषयः- विषेश व्यवस्थाका लागि निर्देशन सम्बन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय
नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम),
रुकुम (पूर्वी भाग) र रुकुम (पश्चिम भाग)।

प्रस्तुत विषय, जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को च.नं. ९६५ को पत्र प्राप्त भई व्यहोरा अवगत हुन आयो । सो सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७४/१२/१४ मा स्वीकृत भएको स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को बुँदा नं. १८ को सम्पत्ती, दायीत्व तथा बजेट र कार्यक्रमहरु स्थानीय तहमा स्थान्तरण हुने तथा सो कार्यमा सहजीकरणका लागि सम्बन्धित जिल्लाका जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा रहेको उपसमितिले सहजीकरण, समन्वय र बाँडफाडको कार्य गर्ने भनी उल्लेख भएको छ । नेपाल संघीय संरचनामा परिवर्तित भएसँगै नवलपरासी (बर्दघाट सुस्ता पूर्व) र नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) तथा रुकम (पूर्वी भाग) र रुकुम (पश्चिम भाग)मा विभक्त भएको सन्दर्भमा हालसम्म साविकका नवलपरासी र रुकुम जिल्लाहरुमा रहेका विषयगत कार्यालयहरुले यी जिल्लाका पूर्व र पश्चिम दुबै क्षेत्रमा सेवा प्रदान गरी रहेको अवस्थामा यी जिल्लाहरुमा स्थानीय तहमा स्थान्तरण हुने भनी तोकिएका विषयगत कार्यालयहरुको सम्पत्ती, दायीत्व, बजेट तथा कार्यक्रम स्थान्तरण गर्न द्विविधा रहेको हुँदा सम्बन्धित जिल्ला समन्वय समितिहरुलाई देहायनुसार गर्न निर्देशन दिने भनी मिति २०७५/०१/१० मा निर्णय (माननीय मन्त्रीज्यू स्तरबाट) भएको हुँदा सो अनुसार गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

देहायः-

१. तत्कालिन नवलपरासी जिल्लामा रहेका विषयगत कार्यालयहरुको सम्पत्ती, दायीत्व र बजेट स्थानीय तहमा स्थान्तरण गर्नका लागि बुँदा नं. १८(७) अनुरुप नवलपरासी वर्दघाट सुस्ता पूर्व र पश्चिम दुबै जिल्लामा गठित उपसमितिहरुले संयुक्त रुपमा बैठक बसी न्यायोचित तबरबाट दुवै तर्फका स्थानीय तहहरुमा औचित्यता र आवश्यकताको विश्लेषण गरी स्थान्तरणको व्यवस्था मिलाउने ।

२०७५/१/१४

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
संघीय मामिला शाखा

पत्र सङ्ख्याः
चलानी नम्बरः २०७४/०७५

सिंहदरवार, काठमाडौं
फोन नं. ४२११८९५

२. तत्कालिन रुकुम जिल्लामा रहेका विषयगत कार्यालयहरुको सम्पत्ती, दायीत्व र बजेट स्थानीय तहमा स्थान्तरण गर्नका लागि बुँदा नं. १८(७) अनुरुप रुकुम पूर्वी भाग र पश्चिम भाग दुबै जिल्लामा गठित उपसमितिहरुले संयुक्त रुपमा बैठक बसी न्यायोचित तबरबाट दुवै तर्फका स्थानीय तहहरुमा औचित्यता र आवश्यकताको विश्लेषण गरी स्थान्तरणको व्यवस्था मिलाउने ।

३. संयुक्त बैठकको अध्यक्षता दुवै तर्फका उपसमितिका संयोजकले आलोपालो गर्ने गरी व्यवस्था मिलाउने ।

४. संयुक्त उपसमितिहरुको काम, कर्तव्य र उत्तरदायीत्व स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ को बुँदा नं. १८ को उपबँदा नं. ७, ८ र ९ अनुसार कै रहने ।

बोधार्थः श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको Website मा Upload गरीदिनुहुन।

(दुर्गा दाहाल)
शाखा अधिकृत